ती :-

| नं. | पद | नाम,थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| | उप प्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| | वडा अध्यक्ष वडा नं. १ | श्री श्रीकृष्ण अधिकारी | | |
| | वडा अध्यक्ष वडा नं. २ | श्री दिपकराज जोशी | | |
| | वडा अध्यक्ष वडा नं. ३ | श्री सिंहराज श्रेष्ठ | | |
| | वडा अध्यक्ष वडा नं. ४ | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| | वडा अध्यक्ष वडा नं. ५ | श्री जगन्नाथ ढकाल | | |
| | वडा अध्यक्ष वडा नं. ६ | श्री महेश्वर के.शी. | | |
| | वडा अध्यक्ष वडा नं. ७ | श्री नरोत्तम राना | | |
| | वडा अध्यक्ष वडा नं. ८ | श्री केशब बहादुर खत्री | | |
| | वडा अध्यक्ष वडा नं. ९ | श्री जोग प्रसाद नेपाल | | |
| | वडा अध्यक्ष वडा नं. १० | श्री मधुसुदन पाण्डे | | |
| | वडा अध्यक्ष वडा नं. ११ | श्री उत्तम अधिकारी | | |
| | नगर कार्यपालिका सदस्य | श्री शोभा तमाङ्ग | | |
| | नगर कार्यपालिका सदस्य | श्री कल्पना घिमिरे | | |
| | नगर कार्यपालिका सदस्य | श्री जगतमाया प्रजापति | | |
| | नगर कार्यपालिका सदस्य | श्री बच्चु बस्याल | | |
| | नगर कार्यपालिका सदस्य | श्री संजिब सुनुबार | | |
| | नगर कार्यपालिका सदस्य | श्री लिला भुजेल | | |
| | नगर कार्यपालिका सदस्य | श्री उर्मिला बि.क. | | |
| | नगर कार्यपालिका सदस्य | श्री पार्बती अधिकारी | | |
| | सदस्य सचिब/प्रमुख प्रशासकीय अधिकृत | श्री कृष्ण प्रसाद सुबेदी | | |

**निर्णयहरु :-**

निर्णय :-१. देहाय बमोजिमको टोखा नगरपालिका मर्मत संभार कोष संचालन कार्यविधि, २०७५ पारित गरी लागू गर्ने निर्णय गरियो ।

## "टोखा नगरपालिका मर्मत सम्भार कोष संचालन कार्यविधि,२०७५"

**प्रस्तावना :**

टोखा नगरपालिकाक्षेत्र भित्र रहेका भौतिक पुर्वाधार, सम्पदा, उपकरण आदिको समयमानै मर्मत सम्भार गरि लागत प्रभावकारीताका माध्यामले खर्च मितव्ययीता र दिगो वनाउन आवश्यक भएको, मर्मत सम्भारलाई व्यवस्थित गरि नियमन गर्न र जवाफदेही बनाउन बाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी टोखा नगर कार्यपालिकाले यो कार्यविधि बनाएकोछ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "टोखा नगरपालिका मर्मत सभार कोष संचालन कार्यविधि,२०७५" रहेको छ ।

(२) यो कार्यविधि तत्काल लागु हुनेछ ।

**२.परिभाषा :**

(१) विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "कार्यविधि" भन्नाले टोखा नगरपालिका मर्मत सम्भार कोष संचालन कार्यविधि २०७५ लाई बुझाँउने छ ।

ख) "नगरपालिका" भन्नाले टोखा नगरपालिकालाई बुझाउनेछ ।

ग) ) "नगर कार्यपालिका" भन्नाले टोखा नगर कार्यपालिकालाई बुझाउनेछ ।

घ) "स्थानीय तह " भन्नाले टोखा नगरपालिकालाई बुझाउनेछ ।

ङ) "उपभोक्ता समिति" भन्नाले नगरपालिकाको टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन गर्न बनेको संगठन भन्ने बुझाउनेछ ।

च) "प्रमुख" भन्नाले टोखा नगरपालिकाको प्रमुखलाई वुझाउनेछ ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले टोखा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ ।

ज) "भौतिक पूर्वाधार" भन्नाले नगरपालिका क्षेत्र भित्रका सडक, ढल, पुल, कल्भर्ट, कुलो, खानेपानी, तटवन्ध, भवन, खेल मैदान तथा यस्तै अन्य सार्वजनीक संरचनाका अतिरिक्त पुरातात्विक, साँस्कृतिक, ऐतिहासिक सम्पदा वा सो जन्य पूर्वाधार समेतलाई सम्झनुपर्छ ।

*झ) "समिति" भन्नाले यो कार्यविधि वमोजिम गठन हुने समितिलाई वुझाउनेछ ।*

**३. उद्देश्य :**

यस कार्यविधिको उद्देश्य निम्नानुसार रहेको छ :

क) भौतिक पूर्वाधारहरु दिगो रुपमा सञ्चालन भइरहने अवस्थाको सृजना गर्ने ।

ख) स्थानीय ज्ञान सिप र प्रविधिमा मर्मत सम्भार गर्न सकिने ।

... मर्मत सम्भार गर्दा थप धन जन र संरचनाको नोक्सानी हुनवाट जोगिने ।

घ) संरचनाको तत्काल मर्मत सम्भार गर्न सकिने ।

**४ मर्मत सम्भार कोष स्थापना** :

(१) मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिने छ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

ग) नगरसभाबाट विनियोजित भएको रकम ।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम ।

ङ) नगरपालिका क्षेत्रभित्र संचालन हुने पुर्वाधार विकास सम्बन्धी योजनाहरुको कन्टिन्जेन्सी रकमको २० प्रतिशतले हुन आउने रकम ।

च) अन्य स्थानीय तहबाट मर्मत संभार वापत प्राप्त हुने रकम ।

**५ खर्च गर्ने कार्यक्षेत्र:**

(१) मर्मत सम्भार कोषवाट देहाय वमोजिमका क्षेत्रहरुमा खर्च गर्न सकिने छ ।

क) ढल मर्मत सम्भार, ह्युम पाईप खरिद तथा मर्मत कार्य ।

ख) वडा कार्यलय/सामुदायिक भवनहरु मर्मत कार्य ।

ग) खानेपानी मुहान, पाईप तथा धारा मर्मत कार्य ।

घ) नाली सरसफाई तथा मर्मत कार्य ।

ङ) विद्युत लाईन मर्मत तथा भाँचिएको पोल मर्मत कार्य ।

च) सडकका खाल्डा खुल्डी पुर्ने तथा मर्मत सम्भार गर्ने कार्य ।

छ) तटवन्ध, बाँध मर्मत तथा ग्याविन जाली लगाउने कार्य ।

ज) सामुदायिक विद्यालय/स्वास्थ्य केन्द्रहरुमा आकस्मिक भैपरी आउने मर्मत कार्य ।

झ) पुल तथा कल्भर्ट मर्मत सम्भार कार्य ।

ञ) वडा भित्र हुने भैपरी आउने आकस्मीक/भैपरी आउने स-साना मर्मत कार्यहरु ।

ट) मठ/मन्दिर/गुम्वा/चर्च/मस्जिद इत्यादी धार्मिक सम्पदाहरुको मर्मत सम्भार कार्य ।

**६ खर्च गर्ने विधि र प्रकृया:**

(१) मर्मत सम्भार कोषमा रहेको रकम खर्च गर्ने विधि निम्नानुसार हुनेछ :

क) एक पटकमा अधिकतम रु ५०,०००। सम्म गरी वर्ष मा ४ लाखमा नवढ्ने गरि वडा समितिको निर्णयानुसार खर्च गर्न सकिनेछ । त्यसरी खर्च गर्दा पुर्वाधार मर्मतको हकमा प्राविधिक लागत इष्टीमेट वमोजिम गर्नुपर्नेछ ।

ख) एक पटकमा अधिकतम रु २,००,०००। सम्मको मर्मत कार्य वडा समितिको सिफारिसमा मर्मत सम्भार कोष व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्न सकिनेछ । त्यसरी खर्च गर्दा पुर्वाधार मर्मतको हकमा प्राविधिक लागत इष्टीमेट वमोजिम गर्नुपर्नेछ ।

ग) रु २,००,०००। भन्दा वढी को मर्मत सम्भार कार्य मर्मत सम्भार कोष व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयानुसार गर्न सकिने छ । त्यसरी खर्च गर्दा पुर्वाधार मर्मतको हकमा प्राविधिक लागत इष्टीमेट वमोजिम गर्नुपर्नेछ ।

घ) कार्य सम्पन्न भएपश्चात प्राविधिक कर्मचारीवाट मुल्यांकन सिफारिस गर्नुपर्नेछ ।

ङ) आवश्यकता अनुसार अनुगमन प्रतिवेदन तथा आवश्यक विल भर्पाई/डोर हाजिरीका आधारमा मर्मत कार्य गर्ने व्यक्ति/संस्था लाई भुक्तनी दिईनेछ ।

च) मर्मत सम्भार कोषको रकम प्रशासनिक खर्च, अनुदान तथा आर्थिक सहायतामा खर्च गर्न पाईने छैन ।

## ७. मर्मत सम्भार कोष व्यवस्थापन समिति:

(१) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले संञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहने छ :

क) नगर प्रमुख- अध्यक्ष

ख) नगर उपप्रमुख- सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत- सदस्य

घ) मर्मत सम्भार गरिने सम्बन्धित वडाका वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य - सदस्य

ङ) योजना शाखा प्रमुख- सदस्य सचिव

(२) समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) बैठकमा आवश्यकता अनुसारका सम्वद्ध विशेषज्ञ तथा कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको वैठक सञ्चालन कार्यविधि समिति आफैले निर्धारण गरेवमोजिम हुनेछ ।

## ८.मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:

(१) मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिका क्षेत्रभित्रका विभिन्न आयोजनाहरुको प्राथमिकता तोकी मर्मत सम्भारको एकिकृत वार्षिक कार्यक्रम वनाउने ।

(ख) मर्मत सम्भार कोषमा रकम जम्मा गर्नको लागि श्रोत साधनको खोजि गर्ने ।

(ग) सडक, ढल, खानेपानी, सिंचाई, पुल, कल्भर्ट, तटवन्ध, भवन, सम्पदा लगायतका क्षेत्रहरुको नियमित, पटके, आवधिक वा आकस्मिक मर्मत सम्भार /स्तरोन्नती सम्बन्धी व्यवस्थापकीय कार्यहरु गर्ने ।

(घ) मर्मत सम्भारलाई दिगो र भरपर्दो वनाउने उपायहरुको खोजी गर्ने ।

(ङ) मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्युनिकरण गर्न तत्सम्बन्धी कार्यायोजना बनाउने ।

(च) मर्मत सम्भार सम्बन्धी कार्यको अनुगमन तथा निरिक्षण गर्ने ।

(छ) आवश्यकता अनुसार आकस्मिक/मोवाइल मर्मत टोलि गठन गरी कार्य जिममोवारी तोकी मर्मत सम्भारको कार्यलाई छिटो, छरितो र प्रभावकारी वनाउने ।

## ९. मर्मत सम्भारको लागि छनौटको मापदण्ड :

समितिबाट मर्मत सम्भारका लागि एकिकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएका योजनाहरु र नगरपालिकाले आवश्यक ठानेका मर्मत सम्भारका कार्य देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ ।

क) सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु ।

ख) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा ।

ग) लाभान्वित हुने जनसंख्या वा घरधूरीको आधारमा ।

घ ) मर्मत सम्भारबाट हुने लाभको आधारमा ।

ङ) सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यक्ताको आधारमा ।

च) तत्काल मर्मत सम्भार गर्नुपर्ने आवश्यकताको आधारमा ।

**१०. अनुगमन तथा सुपरिवेक्षण :**

१) मर्मत सम्भार कोषवाट सञ्चालनहुने मर्मत सम्भार कार्यको अनुगमन तथा मुल्यांकन देहाय वमोजिम हुनेछ ।

(क) प्रत्येक मर्मतकार्यको वडा स्तरीय अनुगमन समितिवाट अनुगमन गर्नुपर्नेछ ।

(ख) आवश्यकता अनुसार मर्मत सम्भार कोष व्यवस्थापन समितिवाट समेत मर्मत कार्यको अनुगमन गर्नुपर्नेछ ।

(ग) वडा स्तरीय अनुगमन समितिले अनुगमनको प्रतिवेदन अर्धवार्षिक रुपमा मर्मत सम्भार कोष व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(घ) अनुगमन प्रतिवेदनमा औंल्याईएका सुझावहरुलाई मर्मत सम्भार कोष व्यवस्थापन समितिमा छलफल गरि आवश्यक सुधार गर्नु पर्नेछ ।

**११. संसोधन वा खारेजी :**

१) मर्मत सम्भार कोष संचालन कार्यविधि संसोधन वा खारेज गर्नु परेमा नगर कार्यपालिकाबाट हुनेछ ।

२) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

निर्णय :-२. देहाय बमोजिमको टोखा नगरपालिका विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७५ पारित गरी लागू गर्ने निर्णय गरियो ।

## विपद ब्यवस्थापन कोष सञ्चालन कार्यविधी, २०७५

**१. पृष्ठभूमी :**

विपद भन्दा पूर्व र बिपद पछि श्रृजित अवस्थाबाट भौतिक संरचनाहरुमा नोक्सानी भई समुदायलाई तत्काल आवश्यक पर्ने सेवा सुबिधा तथा राहतहरु उपलब्ध गराउनुका साथै क्षति भएका भौतिक संरचनाहरुको तत्काल मर्मत सम्भार गरी समस्याहरुलाई तत्काल समाधान गर्नुपर्ने हुन्छ । समस्या समाधान गर्नका लागी नगरपालिकाको तेस्रो नगर सभाबाट पारित आ.व. ०७५/०७६ को बार्षिक बजेट निति तथा कार्यक्रम अन्तर्गत विपद ब्यवस्थापन कोष बिपद ब्यवस्थापन गर्ने प्रयोजनका लागी बजेट बिनियोजन गरिएको छ ।

विपदबाट क्षति भएका भौतिक संरचनाको मर्मत सम्भार तथा विपद ब्यवस्थापन गर्ने प्रयोजनका लागि योजनाको छनौट, लागत अनुमान, कार्यान्वयन प्रक्रिया, भुक्तानी विधि, अनुगमन तथा मूल्याङ्कन र प्रक्रियाका लागी

**२. उद्देश्य :**

बिपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७५ को उद्देश्य निम्नानुसारका रहेका छन् :-

(क) बिपद हुनु पूर्व तथा पश्चात सम्बन्धिन भौतिक संरचनाहरुको मर्मत सम्भार हुने । जसबाट धनजन र संरचनाहरु नोक्सानी हुनबाट जोगिने ।

(ख) बिपदमा परेका ब्यक्तिहरुलाई तत्काल आवास राहत तथा न्यूनतम आवश्यकताका सामग्रीहरु उपलब्ध गराउन सकिने ।

(ग) खानेपानी, सडक, बिद्युत आदि जस्ता अत्यावश्यक संरचनाको तत्कालै मर्मत सम्भार गर्न सकिने ।

**३. खर्च गर्ने कार्यक्षेत्र :**

बिपद ब्यवस्थापन कोषबाट देहाय बमोजिमको क्षेत्रहरुमा खर्च गरिनेछ ।

(क) बिद्युत लाईन मर्मत तथा भाँचिएका पोल मर्मत

(ख) बिपद ब्यवस्थापन अन्तर्गत तत्काल खोज उद्दार राहत तथा राहत सामग्री बितरण

(ग) सामुदायिक विद्यालय/स्वास्थ्य केन्द्रहरुमा आकस्मिक/भैपरि आउने मर्मत कार्य

(घ) नगर क्षेत्रभित्र हुन सक्ने अन्य  आकष्मिक/भैपरी आउने स-साना मर्मत कार्यहरु

(ङ) बिपद ब्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रम, छलफल, अन्तरक्रिया एवं तालिम संचालन गर्ने

(च) बिपद प्रतिकार्य नमूना अभ्यास गर्ने ।

(छ) बाढी, पहिरो नियन्त्रण असिना आगलागी लगायत विपदबाट भएको ध्वस्त संरचना मर्मत ।

**४. खर्च गर्ने बिधि प्रक्रिया :**

बिपद ब्यवस्थापनका लागी बिपद ब्यवस्थापन कोषमा बिनियोजित रकमको खर्च गर्ने बिधि निम्नानुसारको हुनेछ :-

(क) यस कोषमा बिनियोजित रकमबाट वडास्तरीय विपद ब्यवस्थापन समितिको सिफारिसमा मर्मत कार्य र तत्काल राहत कार्यमा रु ५००००/- (अक्षरुपी रुपैया पचास हजार ) मा नबढ्ने गरी खर्च गर्ने ब्यवस्था मिलाउनु पर्नेछ ।

(ख) ऐनको दफा १७ बमोजिम तत्कालै निर्माण कार्य वा राहत सामग्री खरीद कार्य गर्नुपरेमा नगर प्रमुखको आदेशमा रु २ लाख सम्म र रु ५ लाखसम्म नगर विपद ब्यवस्थापन समितिको निर्णयबाट खर्च गर्न सकिनेछ ।

(ग) बिपद प्रभावित ब्यक्तिलाई तत्काल राहतको आवश्यकता परेमा नगर प्रमुखको आदेशले तत्काल रु २५०००/- (रुपैया पच्चिस हजार) सम्म उपलब्ध गराउन सकिनेछ ।

(घ) मर्मत सम्भार तथा विपद ब्यवस्थापन गर्ने कार्यहरुको सूची तयार गरी नगर कार्यपालिकाको निर्णय बमोजिम कार्य प्रकिया अगाडी बढाइनेछ ।

(ङ) निर्णय बमोजिमका कार्यहरुको एकलाख भन्दा वढीको कार्यको हकमा प्राविधिकबाट ल.ई गरी नगरपालिकाको प्रत्यक्ष रेखदेखमा सम्बन्धित उपभोक्ता/टोल बिकास संस्था/लाभग्राही समूहलाई निर्माण कार्यको जिम्मेवारी दिइनेछ ।

(च) कार्य सम्पन्न भएको जानकारी प्राप्त भए पश्चात सम्बन्धित प्राबिधिक कर्मचारीबाट मूल्यांकन र कार्यसम्पन्न प्रतिवेदन सहित सिफारिस गर्नुपर्नेछ ।

(छ) वडास्तरिय तथा नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिद्वारा कार्यको अनुगमन तथा निरीक्षण गरिनेछ ।

(ज) अनुगमन तथा निरीक्षण प्रतिवेदन आवश्यक बिल भर्पाई/डोर हाजिरीका आधारमा निर्णय बमोजिम योजना कार्यान्वयन गर्ने ब्यक्ति/फर्म/संस्थालाई भुक्तानी दिइनेछ ।

(झ) पूँजिगत खर्च तर्फको बिपद ब्यवस्थापनका लागि बिनियोजित बजेट रकम प्रशासनिक खर्च अनुदान आर्थिक सहायता तथा चन्दामा खर्च गर्न पाइनेछैन ।

**५. अनुगमन तथा सुपरिवेक्षण :**

अध्यक्षको संयोजकत्वमा गठित वडास्तरीय विपद व्यवस्थापन समितिले समेत अनुगमन तथा सुपरिवेक्षण गर्नेछ ।
(ख) उल्लेखित अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको अनुगमनको प्रतिवेदन नगर कार्यपालिका कार्यालयलाई पेश गर्नुपर्नेछ ।

७. प्रतिवेदन :

(क) वडास्तरीय विपद व्यवस्थापन कार्यको भौतिक तथा बित्तिय मासिक प्रतिवेदन वडा कार्यालयले नगर कार्यपालिकाको कार्यलायमा पठाउनुपर्नेछ ।
(ख) प्राप्त प्रतिवेदनहरुलाई बार्षिक रुपमा जाँचपास तथा फरफारक समितिमा पेश गरी नगर सभाबाट अनुमोदन गर्नका लागी सिफारिस गर्नुपर्नेछ ।
(ग) कोषको बार्षिक आय ब्ययको प्रतिवेदन तयार गरी नगर कार्यपालिकाको नगर सभा समक्ष पेश गर्नुपर्नेछ ।

८. अन्य :

(क) यस कार्यविधिमा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम हुनेछ भने यसमा उल्लेख नभएको विषयहरुको हकमा सार्वजनिक खरिद ऐन नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा प्रचलित ऐन कानून नियम बमोजिम हुनेछ ।
(ख) योजना कार्यान्वयनमा नगर सभा तथा नगर कार्यपालिकाको बैठकबाट पारित नीति निर्देशनको अधिनमा रही कार्यसम्पादन गर्नुपर्नेछ ।

निर्णय :-३. यस नगरपालिका वडा नं. ३ स्थित सूर्यदर्शन हाईट नमुना प्लानिङ्ग स्थित करिब ६०मिटर बाटो ढलानका लागि समपुरक कोषबाट ६०% रकम विनियोजन भएमा ४०% रकम उपभोक्ताबाट व्यहोर्ने गरी उपभोक्ताहरुबाट निवेदन प्राप्त भएकोले ल.ई.को ६०%ले हुन आउने रकम रु. ................ विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय :-४. यस नगरपालिका वडा नं. ४ बस्ने सुदिप श्रेष्ठको घरमा मिति २०७५।०४।११ गते आएको वर्षाले घर लाई क्षति पुऱ्याएको भनि वडा नं. ४ को वडा सिफारिश पत्र समेत को आधारमा निजलाई विपद् व्यवस्थापन कोषबाट रु. २५,०००।- राहत उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय :-५. यस नगरपालिका वडा नं. ३ बानियाटार स्थित जयराम नेपालीको घर पहिरोको कारण जोखिममा परेकोले निजको घर लाई पहिरोबाट जोगाउन विपद् व्यवस्थापन कोषबाट रकम रु. २०,०००।- उपलव्ध गराउन निर्णय गरियो ।

निर्णय :-६. भदौ २९ गते बाल दिवस मनाउनका लागि नगरसभाबाट पारित अतिरिक्त कार्यक्रम/ बाल बालिका प्रतिभा पहिचान गर्न कार्यक्रम शिर्षकमा विनियोजित रकम रु. २,००,०००।- मध्येबाट रु. १,००,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय :-७. यस नगरपालिका वडा नं. ८ स्थित रमणबस्तीमा विष्णुमती खोला कटानले ठूलो क्षति पुऱ्याएकोले खोला नजिक घर तथा जनको सुरक्षा गर्न विपद् व्यवस्थापन कोषबाट प्राविधिक ल.ई को आधारमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय :-८. यस नगरपालिका वडा नं. ३ स्थित मेघा सिटी टोलमा बाटो अत्यन्तै नाजुक भएकोले तत्काल मर्मत संभार कोषबाट प्राविधिक ल.ई.को आधारमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय :-९. टोखा नगरपालिका वडा नं. २ स्थित ईकुलाग टोलमा मिति २०७५।०४।०८ गतेका दिन अविरल वर्षाका कारण रुख ढली आसाकाजी श्रेष्ठ, लक्ष्मीमाया श्रेष्ठ, कृष्ण बहादुर श्रेष्ठ र नारायणदास

उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय :-१०. टोखा नगरपालिका वडा नं. ४ स्थित मन के.सी.को घर देखि कृष्ण बि.क.को घर सम्म्को गोरेटोबाटोमा आर्थिक वर्ष २०७४/७५ मा ब्लक छाप्ने कार्य भएकोमा भुक्तानी छुट्न गएकोमा आर्थिक वर्ष २०७४/७५ मा खर्च हुन बाँकि रकम रु.१,००,०००।-भुक्तानी हुन बाँकिको विवरण १८ नं. फारम अनुसार आ.व. ०७५/७६ मा भुक्तानी गर्ने र आगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।